"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८३।८४
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति: २०८३/०६/०६

"पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल"

## अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण तथा अपाङ्गता परिचयपत्र वितरण शिविर सञ्चालन सम्बन्धी सूचना

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका र करुणा फाउण्डेसन नेपालको साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत पाँचखाल नगरपालिका क्षेत्रभित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण तथा अपाङ्गता परिचयपत्र वितरण गर्ने उद्देश्यले देहायबमोजिमको मिति, समय र स्थानमा स्वास्थ्य परीक्षण तथा अपाङ्गता परिचयपत्र वितरण शिविर सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### शिविर सम्बन्धी विवरण

- **शिविर सञ्चालन हुने मिति तथा स्थान:**
    - **२०८३ साल असोज १४ गते:** वडा नं. १२, आँपघारीस्थित भुवनेश्वरी आ.वि.(वडा नं.१२ मात्र)
    - **२०८३ साल असोज १५ र १६ गते:** पाँचखाल नगरपालिका, रातो हल (वडा नं. १-१३)
- **समय:** विहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म।

उक्त शिविरमा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण, अपाङ्गताको प्रकृति तथा अवस्थाको पहिचान, आवश्यक परामर्श तथा प्रचलित कानूनबमोजिम अपाङ्गता परिचयपत्र वितरण गरिनेछ।

साथै, हिँडडुल गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरूलाई शिविरमा सहभागी हुनका लागि शिविर स्थलसम्म आउन–जान यातायातको सुविधा उपलब्ध गराइनेछ। उक्त सुविधा आवश्यक पर्ने व्यक्तिहरूले सम्बन्धित वडा कार्यालय वा तोकिएको सम्पर्क नम्बरमा अग्रिम जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

**२०८३ साल असोज १६ गते** अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक अपाङ्गता सहायक सामग्रीको आवश्यकता पहिचान गरी नाप लिने कार्यक्रमसमेत सञ्चालन गरिनेछ। त्यसैले सहायक सामग्री आवश्यक पर्ने व्यक्तिहरूले **असोज १६ गते** पाँचखाल नगरपालिकाको रातो हलमा अनिवार्य रूपमा उपस्थित भई नाप दिनुहुन अनुरोध गरिन्छ।

### आवश्यक कागजातहरू

१. नेपाली नागरिकताको प्रमाणपत्र।
२. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र।
३. लिएको भएमा अपाङ्गता परिचयपत्र ।

............................
कल्याण प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

**कल्याण प्रसाद सुवेदी**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

थप जानकारीको लागि सम्पर्क व्यक्ति: सुर्यमाया दनुवार, सिविआर सहजकर्ता सम्पर्क नं.: ९८४९३९५०१[illegible]